नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
प्रशासन शाखा

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov.np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.

सूचना नं:१२

मितिः-२०७८/११/२७

## सूचना

भिजिट भिसा र सोबाट सृजित समस्या तथा समाधानका उपायहरु सम्बन्धमा सिफारिस गर्न गठित कार्यदलले तयार गरेको प्रतिवेदन कार्यान्वयन गर्न अध्यागमन विभागले छुट्टै कार्यविधि तयार गरिरहेको हुँदा उक्त कार्यविधि तयार भई कार्यान्वयनमा नआउन्जेलसम्म देहाय वमोजिम गर्ने व्यवस्था मिलाउने भनी मिति २०७८/११/२६ मा निर्णय (सचिवस्तर) भएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

देहायः

१. खाडी मुलुक भन्दा वाहिर कम्तीमा एक पटक र खाडी मुलुकको हकमा दुई पटक विदेश यात्राको अभिलेख भएका व्यक्तिहरु,

२. न्यूनतम २ वर्ष भन्दा बढी समय विदेशी मुलुकमा व्यतित गरेको अभिलेखबाट प्रमाणित हुने व्यक्तिहरु,

३. न्यूनतम माध्यमिक तहको (कक्षा १२) औपचारिक शिक्षा वा सो सरहको प्राविधिक/व्यावसायिक सीप दक्षता भई आधिकारिक निकायबाट प्रमाणीकरण भएका वा उच्च शिक्षा हासिल गरेका, अध्येता, विज्ञ, प्राविधिक, व्यक्तिहरु,

४. अंग्रेजी वा गन्तव्य मुलुकमा बोलिने अन्तराष्ट्रिय भाषाको राम्रो सीप भएका व्यक्तिहरु,

५. आफ्नो एकाघरको नातेदारका साथमा भ्रमणमा जाने तथा एकाघरको व्यक्तिको आमन्त्रण र प्रायोजनमा जाने ब्यक्ति (एकाघरका आमा बाबु, सासु ससुरा, छोरा छोरी, श्रीमान श्रीमती, र वैदेशिक रोजगारमा रहेकाहरुको नातेदार समेत,

६. गन्तव्य मुलुकमा रहेको राजदूतावास/नियोगबाट प्रमाणित कागजात सहित सिफारिस भएका व्यक्तिहरु,

७. सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्ने सरकारी निकायका प्रतिनिधिहरु,

८. अन्तराष्ट्रिय कारोवार गर्ने बैंक तथा वित्तीय संघ संस्थाका प्रतिनिधि एवं अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाका प्रतिनिधि भई भ्रमण गर्न जाने प्रतिनिधिहरु।

९. नेपालमा सामान आयात-निर्यात गर्ने व्यावसायिक संस्थाका प्रतिनिधिहरु र व्यवसायिक कम्पनी/फर्मका सञ्चालक वा व्यवसायीहरु (एकाघरका आमा वाबु, सासु ससुरा, छोरा छोरी, श्रीमान् श्रीमती) ,

नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
प्रशासन शाखा

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाडौं
Website : www.immigration.gov.np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.

१०. प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थाको नेतृत्व वा प्रायोजनमा आफ्ना सदस्यहरु/कर्मचारीहरु समूह बनाई खाडी राष्ट्र र मलेसिया भ्रमण कार्यक्रममा जान अध्यागमन विभागबाट पूर्व स्वीकृति प्राप्त गरेका ब्यक्तिहर,

११. ट्राभल एजेन्सीको घोषित टूर-प्याकेजमा निर्धारित भ्रमण कार्यक्रम सम्पन्न भएपछि फर्काउने प्रतिवद्धता र जिम्मेवारी स्वघोषणा गरेका सूचीमा संलग्न व्यक्ति (तर खाडी मुलुक र मलेसियाको हकमा अध्यागमन विभागको पूर्व स्वीकृति आवश्यक पर्नेछ।)

१२. वार्षिक न्यूनतम ५ लाख रुपैया कर योग्य आय भै कम्तिमा सो को आधा रकम बैंक खातामा वचत भएका र नेपालको कर प्रणालीमा आवद्धता भएका व्यक्तिहरु,

१३. औद्योगिक तथा व्यवसायिक गतिविधिमा अन्तर्राष्ट्रिय सञ्जालमा आवद्ध संस्थासँग सम्बन्धित आधिकारिक प्रतिनिधिहरु (कर्मचारी/(एकाघरका आमा बाबु, सासु ससुरा, छोरा छोरी, श्रीमान् श्रीमती),

१४. वैदेशिक रोजगार व्यवसायको बजार प्रवर्द्धनको लागि जाने म्यानपावर व्यवसायीहरु (संचालक वा आधिकारिक प्रतिनिधि, एकाघरका आमा बाबु, सासु ससुरा, छोरा छोरी, श्रीमान् श्रीमती मात्र)।

१५. नेपाली दूतावासको सिफारिश बमोजिम बिरामी कुरुवा वा रेखदेखको कार्य गर्नजाने तीन पुस्ता भित्रका पारिवारिक सदस्यहरु,

१६. खाडी मुलुक, मलेसिया, अफ्रिकन मुलुक र जोखिम भएका मुलुकहरुको भ्रमणमा जाने खेलाडी तथा कलाकारहरुको हकमा आयोजकबाट आधिकारिक निमन्त्रणा वा प्रायोजन पत्र प्राप्त गरेका सूचीमा संलग्न व्यक्ति (आयोजकको आमन्त्रण र प्रायोजन सम्वन्धी कागजात वेवसाईट/अनलाईन रुजु हुनुपर्ने अथवा सम्वन्धित मुलुकमा रहेको नेपाली नियोगबाट प्रमाणित/सिफारिश भएको हुनुपर्ने सो नभएमा सम्बन्धित निकायको सिफारिशमा अध्यागमन विभागबाट पूर्व स्वीकृति प्राप्त हुनुपर्ने । यसरी समूह वा व्यक्तिगतरुपमा भ्रमणमा जाने विषयमा शिफारिश गर्दा सिफारिश गर्ने निकाय जिम्मेवार रहने ।)

१७. माथि बुँदा नं (१५) मा उल्लेख भएको मापदण्ड वा आधारमा नपर्ने व्यक्तिको हकमा अध्यागमन विभागबाट अनिवार्य रुपमा पूर्व स्वीकृति प्राप्त गरेपछि मात्र भिसा तथा हवाई टिकट सम्वन्धी प्रकृया अगाडी बढाउन सम्वन्धित सरोकार पक्षलाई सुसूचित गर्ने।